# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, माघ २७ गते २०५९ साल (संख्या ४३

## भाग ३

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

औद्योगिक गणना २०५९/०६० को आदेश, २०५९

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस आदेशको नाम "औद्योगिक गणना २०५९/०६० को आदेश, २०५९," रहेको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा विभाग भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्दछ ।

३. औद्योगिक गणना २०५९ को लागि तथ्याङ्क संकलन गर्न सक्नेः विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यभरमा रहेका उद्योग प्रतिष्ठानको संख्या, सम्बन्धित समूह, वैधानिक स्थिति, स्वामित्व, प्रमुख उत्पादन, खरीद-बिक्री, रोजगार तथा अन्य खर्च लगायतका सम्पूर्ण विवरण प्राप्त गर्नका लागि २०५९ सालमा गरिने औद्योगिक गणनाको सन्दर्भमा अनुसूची-१ बमोजिमका कुराहरु सोधी औद्योगिक गणना गराउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

259

४. अधिकृत तथा कर्मचारीहरु तोक्न सक्नेः विभागले दफा ३ बमोजिमको गणना कार्यका लागि विभाग र मातहतका अधिकृत तथा कर्मचारीहरूलाई तोक्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीको काम, कर्तव्य र अधिकारः (१) औद्योगिक गणनाको काम गर्ने अधिकृत तथा कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा तोकिएको अवधि भित्र सम्बन्धित उद्योग प्रतिष्ठानहरूमा गई त्याहांको मुख्य वा जिम्मेवार व्यक्तिसंग सोधपुछ गरी अनुसूची १ मा उल्लेखित विवरणका सम्बन्धमा सही जानकारी प्राप्त गरी विभागले तोकेको ढांचा बमोजिमको फाराममा भर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण वा फारामलाई औद्योगिक गणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधि भित्र तोकिदिएको अधिकृत वा कर्मचारीलाई बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको काममा लागेको अवधिको निमित्त सो कामका लागि खटिएको अधिकृत वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिए बमोजिम निश्चित रकम पाउने छ ।

६. औद्योगिक गणना गर्ने कार्यमा सहयोग गर्नुपर्नेः औद्योगिक गणना गर्ने कामसंग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीहरूलाई सहयोग गर्नु श्री ५ को सरकारका सबै कार्यालयहरू, सरकारी वा गैर सरकारी संस्था, स्थानीय नगरपालिका तथा गाउँ विकास समिति, सबै तहका उद्योग प्रतिष्ठान तथा सबै नागरिकको कर्तव्य हुनेछ ।

७. संकलित तथ्याङ्कको उपयोगः संकलित तथ्याङ्कलाई विभागले प्रशोधन एव सम्पादन गरी औद्योगिक गणनाको प्रतिवेदन प्रकाशित गर्नेछ ।

तर प्रतिवेदन प्रकाशित नहुँदै विभागले आवश्यक ठानेमा संकलित तथ्याङ्कबाट तयार गरिएको समष्टि वा आंशिक रूपमै पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 232

## अनुसूची–१

(दफा ३ संग सम्बन्धित)

१. उद्योग प्रतिष्ठानको परिचयात्मक विवरणः

१.०१ उद्योग प्रतिष्ठानको नाम
१.०२ जिल्ला
१.०३ नगरपालिका / गा.वि.स.
१.०४ वडा. नं.
१.०५ गाउँ टोल
१.०६ रजिष्टर्ड नं.
१.०७ सञ्चालन मिति
१.०८ पो. ब. नं.
१.०९ फो.नं.
१.१० फ्याक्स नं.
१.११ इमेल
१.१२ सम्पर्क कार्यालय

२. सम्बन्धित समूहः

२.०१ समूहको नामः

३. वैधानिक स्थितिः

३.०१ व्यक्तिगत
३.०२ साझेदारी
३.०३ प्रा. लि.
३.०४ पब्लिक लिमिटेड
३.०५ अन्य. . .

४. स्वामित्वः

४.०१ श्री ५ को सरकार
४.०२ स्वदेशी (निजी)
४.०३ विदेशी (निजी)
४.०४ श्री ५ को सरकारसंग संयुक्त
४.०५ स्वदेशी निजी र विदेशी निजी

५. उत्पादनः

५.०१ प्रमुख उत्पादित बस्तु
५.०२ अन्य उत्पादित बस्तुहरू

६. रोजगार सम्बन्धित विवरणः

६.०१ उद्योपति तथा सक्रय साझेदार (स्वदेशी, विदेशी, पुरुष वा महिला संख्या समेत खुलाउने)
६.०२ परिवाका सदस्य तथा अन्य व्यक्ति (स्वदेशी, विदेशी, पुरुष वा महिला संख्या समेत खुलाउने)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 252

६.०३ उत्पादनशील कामदार (स्वदेशी, विदेशी, पुरुष वा महिला तथा निजहरूको तलब भत्ता तथा अन्य सुविधा समेत उल्लेख गर्ने)

६.०४ प्रशासकीय (स्वदेशी, विदेशी, पुरुष वा महिला तथा निजहरूको तलब भत्ता तथा अन्य सुविधा समेत उल्लेख गर्ने)

६.०५ प्राविधिक (स्वदेशी, विदेशी, पुरुष वा महिला तथा निजहरूको तलब भत्ता तथा अन्य सुविधा समेत उल्लेख गर्ने)

७. इन्धन, पानी तथा विद्युत शक्तिको उत्पादन, खरीद र बिक्रीः

७.०१ दाउरा (क्वीन्टल)
७.०२ पत्थर कोइला (क्वीन्टल)
७.०३ डिजेल (लिटर)
७.०४ पेट्रोल (लिटर)
७.०५ मट्टितेल लिटर)
७.०६ ग्याँस(L.P.G.) (केजी)
७.०७ पानी (००० लिटर)
७.०८ विद्युत खरीद (युनिट)
७.०९ विद्युत उत्पादन (आफ्नो प्रयोजनको लागि) विद्युत बिक्री (युनिट)
७.१० विद्युत बिक्री (युनिट)
७.११ अन्य इन्धन खरीद

८. औद्योगिक सेवा वापतको खर्च (रु. हजारमा):

८.०१ उद्योग प्रतिष्ठानको मालको उपयोग गरेर अरूले ठेक्कामा काम गरिदिए वापत

८.०२ सालवसाली मर्मत सम्भार (अरूलाई गर्न दिए वापत) रु.

८.०३ खरीद गरेको हालतमा बिक्री हुने वस्तु वापत रु.

९. कच्चा पदार्थ खरिद र परिमाणः

९.०१ खरिद भएको मुख्य कच्चा वस्तुको विवरण, परिमाण, मूल्य र कुन देशबाट खरिद भएको हो (स्वदेश, भारत र तेस्रो मुलुक) सम्बन्धित महलमा खुलाउने ।

१०. उत्पादन र उत्पादित वस्तुको बिक्रीः

१०.०१ मुख्य उत्पादित वस्तु (बढी मूल्यको आधारमा) क्रमशः उल्लेख गर्ने, वार्षिक उत्पादन, बिक्री (स्वदेश, भारत, तेस्रा मुलुक) परिमाण तथा मोल समेत सम्बन्धित महलमा उल्लेख गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 256

११. औद्योगिक सेवाबाट प्राप्त रकम (मोल रू. हजारमा):

११.०१ ठेक्का वा अन्य शर्तमा उनीहरूको लागि उनीहरूकै वस्तुमा काम गरिदिए वापत रू.

११.०२ मर्मत तथा सम्भार (अरूको निमित गरिदिए वापत) रू.

११ ०३ खरिद गरेको हालतमा विक्री भएको वस्तुबाट प्राप्त रकम रू.

१२. मौज्दात (सन्दर्भ वर्षको शुरूको र अन्त्यको मौज्दात):

१२.०१ कच्चा पदार्थ आदि
१२.०२ इन्धन
१२.०३ अर्ध तयारी वस्तु
१२ ०४ तयारी वस्तु
१२.०५ खरिद गरेको हालतमा विक्री हुने वस्तु
१२.०६ अन्य

१३. गैर औद्योगिक सेवा वापतको खर्च (मोल रू. हजारमा):

१३.०१ घर गोदाम जग्गा तथा उपकरणहरू भाडामा लिए वापत तिरेको रकम

१३.०२ यातायातको साधन भाडामा लिए वापत

१३.०३ उत्पादित वस्तुहरूको ढुवानी खर्च

१३.०४ वीमा शुल्कहरू

१३ ०५ रोयल्टी तिरेको रकम

१३.०६ हुलाक, टेलिफोन, टेलिग्राम टेलेक्स, इमेल, तथा इन्टरनेट खर्च

१३ ०७ छपाई एवं स्टेशनरी खर्च

१३.०८ सल्लाहकार तथा लेखा परीक्षण वापत खर्च

१३.०९ एजेण्टलाई दिएको कमिशन तथा व्यापार सहुलियत

१३.१० प्रचार प्रसार तथा अन्य बिक्री बढाउने खर्चहरू

१३.११ भ्रमण खर्च

१३ १२ फोहर मैला व्यवस्थापन तथा प्रशोधन खर्च

१३.१३ अन्य खर्च

१४. अप्रत्यक्ष कर तिरेको (रू. ा):

१४.०१ मूल्य अभिवृद्धि कर (भ्याट)
१४.०२ अन्य शुल्क
१४.०३ पैठारी तथा निर्यात महशुल
१४.०४ अन्य अप्रत्यक्ष कर

१५. गैर औद्योगिक सेवाबाट प्राप्त रकम (रू. हजारमा):

१५.०१ घर, गोदाम, जग्गा तथा
१५.०४ सन्दर्भ वर्ष भरीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपकरणहरू भाडामा दिए बापत प्राप्त रकम

१५.०२ यातायातको साधन अरूलाई प्रयोग गर्न दिएवापत प्राप्त रकम

१५.०३ एजेन्सी कमिशनबाट प्राप्त रकम

निर्यातबाट प्राप्त रकम

१५.०५ सन्दर्भ वर्षभरीमा प्राप्त आर्थिक अनुदान

१५.०६ अन्य प्राप्त रकम

१६. स्थायी सम्पतिको विवरण (जमिन, भवन तथा अन्य निर्माण मेशिन तथा अन्य उपकरण यातायातको साधन, फर्निचर तथा अन्य) समेत (रू. हजारमा):

१६.०१ सन्दर्भ वर्षको शुरुमा रहेका स्थायी सम्पतिको लागत

१६.०२ नयाँ सम्पति थप गरिएको भए सोको लगत

१६.०३ प्रयोग गरिएको सम्पत्ति थप गरिएको भए सोको लागत

१६.०४ पुंजीगत मर्मत सम्भार गर्दाको लगत

१६.०५ आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पत्तिको रकम

१६.०६ स्थायी सम्पत्ति बिक्रीबाट प्राप्त रकम

१६.०७ दैवीप्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको ह्रास

१६.०८ वार्षिक ह्रास कट्टीको कुल रकम

१७ उत्पादन क्षमताको उपयोग:

१७.०१ उत्पादन क्षमताको कति प्रतिशत उपयोग गरिएको छ? उपयुक्त महलमा उल्लेख गर्ने ।

१८. उद्योग प्रतिष्ठानको मुख्य मुख्य समस्या:

१८.०१ कच्चा पदार्थको अभाव

१८.०२ बजारको अभाव

१८.०३ पुंजीको कमी

१८.०४ औद्योगिक नीतिको कारण

१८.०५ तालिम प्राप्त दक्ष जनशक्तिको अभाव

१८.०६ अरुको एकाधिकार हुनु

१८.०७ अन्य उल्लेख गर्ने

आज्ञाले,
वासुदेव उप्रेती
कानून अधिकृत
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना १

### मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस आदेशको नाम "मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा :,

(क) "अस्पताल" भन्नाले मानसिक अस्पताल सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठित मानसिक अस्पताल विकास समिति सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष समेतलाई जनाउंछ ।

३. समितिको गठन : (१) मानसिक अस्पताल विकास समिति नामको एक समिति गठन गरिएको छ

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहने छन :-

(क) श्री ५ को सरकारबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) प्रतिष्ठित समाजसेवीहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना - सदस्य

(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी)स्वास्थ्य मन्त्रालय - सदस्य

(घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारी, जिल्ला प्रशासन कार्यालय ललितपुर - सदस्य

(ङ०) प्रतिनिधि,जिल्ला विकास समिति, ललितपुर - सदस्य

(च) कन्सल्टेण्ट चिकित्सकहरु मध्येबाट समितिको सिफारिसमा श्री ५ को सरकारद्वारा मनोनीत दुईजना - सदस्य

(छ) अध्यक्ष, ललितपुर उद्योग वाणिज्य संघ - सदस्य

(ज) अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा,ललितपुर- सदस्य

(झ) अस्पतालको मेट्रोन - सदस्य

(ञ) अस्पतालको निर्देशक - सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) को खण्ड (क),(ख) र (च) वमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुने छ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम,कर्तव्य र अधिकार :- समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) अस्पतालको व्यवस्थापन र संचालन गर्ने,

(ख) अस्पतालको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने गराउने ,

(ग) अस्पताल व्यवस्थापन र संचालन गर्नका लागि आवश्यक साधन र श्रोत जुटाउने,

(घ) अस्पतालको बजेट स्वीकृति गर्ने,

(ङ०) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(छ) अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने र

(ज) अस्पताल संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

५. समितिको वैठक र निर्णय :- (१) समितिको वैठक समितिको अध्यक्षले तोके वमोजिम हुनेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले वैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई वैठक वोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले समितिको वैठक आवश्यकता अनुसार वोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले समितिको वैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ । मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको वैठक कम्तीमा चार महिनामा एक पटक वस्नु पर्नेछ।

(९) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ।

(१०) समितिको वैठकमा अपनाईने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

६. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) समितिको कोषमा देहाय वमोजिम रकमहरु रहने छन :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदानको रकम,

(ख) अस्पतालको सेवा प्रदान गरे वापत प्राप्त रकम,

(ग) कुनै विदेशी राष्ट्र वा दातृ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) समितिको कोषमा प्राप्त हुने रकम समितिको नाममा कुनै वाणिज्य वैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) समितिको कोषको संचालन अस्पतालको निर्देशक र लेखा प्रमुखको सयुक्त दस्तखतबाट हुनेछ।

(६) उपदफा (२) को खण्ड (ग) वमोजिम रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ र त्यस्तो रकम जुन कार्यक्रमका लागि प्राप्त भएको छ सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ।

७. लेखा र लेखापरीक्षण : (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका वमोजिम राखिने छ।

(२) समितिको आर्थिक प्रशासन सम्वन्धी अन्य व्यवस्था समितिले बनाएको नियममा तोकिए वमोजिम हुनेछ।

(३) समितिको लेखापरीक्षण प्रचलित कानून वमोजिम हुनेछ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न जचाँउन सक्नेछ।

८. कर्मचारी सम्वन्धी व्यवस्था : समितिले आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न सक्नेछ र निजहरुको सेवा, शर्त र सुविधा समितिले बनाएको नियममा तोकिए वमोजिम हुनेछ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. नियम बनाउने अधिकार : समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

११. निर्देशन दिने : श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्नेछ ।

## सूचना -२
## नरदेवी आयुर्वेद चिकित्सालय (गठन) आदेश, २०५९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस आदेशको नाम "नरदेवी आयुर्वेद चिकित्सालय (गठन) आदेश, २०५९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा :,

(क) "चिकित्सालय" भन्नाले नरदेवी आयुर्वेद चिकित्सालय सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठित नरदेवी आयुर्वेद चिकित्सालय सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष समेतलाई जनाउंछ ।

३. समितिको गठन : (१) नरदेवी आयुर्वेद चिकित्सालय नामको एक समिति गठन गरिएको छ

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहने छन :-

(क) श्री ५ को सरकारबाट मनोनीति व्यक्ति - अध्यक्ष

(ख) प्रतिष्ठित समाजसेवीहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना - सदस्य

(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी)स्वास्थ्य मन्त्रालय -सदस्य

(घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारी, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ - सदस्य

(ङ०) निर्देशक, आयुर्वेद विभाग - सदस्य

(च) प्रतिनिधि, जिल्ला विकास समिति , काठमाण्डौ - सदस्य

(छ) विशेषज्ञ चिकित्सकहरु मध्येबाट समितिको सिफारिसमा श्री ५ को सरकारद्वारा मनोनीत एक जना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) अध्यक्ष, काठमाण्डौ उद्योग वाणिज्य संघ - सदस्य

(झ) अध्यक्ष, जिल्ला रेडक्रस सोसाइटी, जिल्ला शाखा, काठमाण्डौ -सदस्य

(ञ) चिकित्सालयको सिनियर सिष्टर - सदस्य

(ट) चिकित्सालयको निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क),(ख) र (छ) वमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम,कर्तव्य र अधिकार :- समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) चिकित्सालयको व्यवस्थापन र संचालन गर्ने,

(ख) चिकित्सालयको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने गराउने ,

(ग) चिकिसालयको व्यवस्थापन र संचालन गर्नका लागि आवश्यक साधन र श्रोत जुटाउने,

(घ) चिकित्सालयको बजेट स्वीकृति गर्ने,

(ङ०) चिकित्सालयको सेवा शुल्क निर्धारण गर्ने,

(च) चिकित्सालयको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(छ) चिकित्सालयको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने र

(ज) चिकित्सालय संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

५. समितिको वैठक र निर्णय : (१) समितिको वैठक समितिको अध्यक्षले तोके वमोजिम हुनेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले वैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई वैठक वोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले समितिको वैठक आवश्यकता अनुसार वोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिका वैठकको अध्यक्षता सामितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरुले आफू मध्येबाट छानेका व्यक्तिले समितिको वैठकको अध्यक्षता गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ । मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको वैठक कम्तीमा चार महिनामा एक पटक वस्नु पर्नेछ ।

(९) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको वैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) समितिको कोषमा देहाय वमोजिम रकमहरु रहने छन :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदानको रकम,

(ख) चिकित्सालयको सेवा प्रदान गरे वापत प्राप्त रकम,

(ग) कुनै विदेशी राष्ट्र वा दातृ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा प्राप्त हुने रकम समितिको नाममा कुनै वाणिज्य वैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको संचालन चिकित्सालयको निर्देशक र लेखा प्रमुखको सयुक्त दस्तखतबाट हुनेछ ।

(६) उपदफा (२) को खण्ड (ग) वमोजिम रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ र त्यस्तो रकम जुन कार्यक्रमका लागि प्राप्त भएको छ सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

७. लेखा र लेखापरीक्षण : (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका वमोजिम राखिने छ ।

(२) समितिको आर्थिक प्रशासन सम्वन्धी अन्य व्यवस्था समितिले बनाएको नियममा तोकिए वमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न जचाँउन सक्नेछ ।

८. कर्मचारी सम्बन्धी व्यवस्था : समितिले आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न सक्नेछ र निजहरुको सेवा, शर्त र सुविधा समितिले बनाएको नियममा तोकिए बमोजिम हुनेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियम बनाउने अधिकार : समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

११. निर्देशन दिने : श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्नेछ ।

आज्ञाले,
महेन्द्रनाथ अर्याल,
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
३०२

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

### संस्था दर्ता (सातौं संशोधन) नियमावली, २०५९

संस्था दर्ता नियमावली, २०३४ लाई संशोधन गर्न वान्छनीय भएकोले, संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "संस्था दर्ता (सातौं संशोधन) निमावली, २०५९" रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. संस्था दर्ता नियमावली, २०३४ को नियम ५ मा संशोधन :-
संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को उपनियम (४) मा रहेका "२०५९ साल अषाढ मसान्तसम्म" भन्ने शब्दहरुको सट्टा "२०६० साल आषाढ मसान्तसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
टीकादत्त निरौला,
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
३०४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग
वार्तामा सहमति भए बमोजिम देहाय बमोजिमका वस्तुहरु साप्टाका पक्ष राष्ट्रबाट आयात हुँदा दे

## SAARC PREFERENTIAL T

### FOURTH ROUND

(Format as approved by the Sevent

### Consolidated Natio

## Grante

### under SA

| S.No. | HS CODE | Description of Product | Tariff * % | Extent For All N |
|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | |
| 1 | 0302.32 | -- Yellowfin tunas (Thunnus albacares) | 10 | |
| 2 | 0305.49 | -- Other | 10 | |
| 3 | 0305.59 | -- Other | 10 | |
| 4 | 0701.90 | Potatoes fresh and chilled | 10 | |
| 5 | 0906.10 | Cinnamon-neither crushed nor ground | 10 | |
| 6 | 0906.20 | Crushed or Ground | 10 | |
| 7 | 0910.00 | Saffron, bay leaves, curry and other spices | 5 | |
| 8 | 1203.00 | Copra | 10 | |
| 9 | 1207.10 | Palm nuts and kernels | 10 | |
| 10 | 1511.10 | Palm oil and its fraction other | 5 | |
| 11 | 1604.14 | -- Tuna fish | 15 | |
| 12 | 1701.11.10 | Sugar | 40 | |
| 13 | 1901.00 | Malt extract, food preparations of flour meal starch or malt extract | 5 to 15 | |
| 14 | 2203.00 | Beer | Rs. 100/ per litre | |
| 15 | 2502.00 | Unroasted iron pyrites | 10 | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 + 5 | | | |
| | 15 | | | |
| | 15 | | | |
| | 15 | | | |
| | 15 | | | |
| | 15 | | | |
| | 15 | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 306

| | | | | |
|---|---|---|---|---|
| 41 | 4410.90.00 | - Other | 15 | |
| 42 | 4411.11.00 | Fibreboard of wood or other ligneous materials Not mechanically worked or surface covered | 15 | |
| 43 | 4411.19.00 | --Other | 15 | |
| 44 | 4411.21.00 | --Not mechanically worked or surface covered | 15 | |
| 45 | 4411.29.00 | --Other | 15 | |
| 46 | 4411.31.00 | --Not mechanically worked or surface covered | 15 | |
| 47 | 4411.39.00 | --Other | 15 | |
| 48 | 4411.91.00 | --Not mechanically worked or surface covered | 15 | |
| 49 | 4411.99.00 | --Other | 15 | |
| 50 | 4418.10.00 | Builders joinery and carpentary of wood --- Windows, French-windows and their frames | 15 | |
| 51 | 4418.20.00 | -Doors and their frames and thresholds | 15 | |
| 52 | 4418.30.00 | -Parquet panels | 15 | |
| 53 | 4418.40.00 | -Shuttering for concrete constructional work | 15 | |
| 54 | 4418.50.00 | -Shingles and shakes | 15 | |
| 55 | 4418.90.00 | -Other | 15 | |
| 56 | 4802.10 | Hand-made paper & paperboard | 25 | |
| 57 | 4819.10 | Cartons, boxes and cases, of corrugated papers or paper board | 15 | |
| 58 | 4819.20 | Folding cartons, boxes and cases, of non-corrugated paper or paper board | 15 | |
| 59 | 4911.10 | Trade advertising material, commercial catalogues and the like | 25 | |
| 60 | 5211.00 | Woven fabrics of cotton containing less than 85% by weight of cotton mixed mainly or solely with man made fiber weighing more than 200g/m2 | 15 | |
| 61 | 5516.11 | Woven fabrics of artificial staple fibres unbleached or bleached | 15 | |
| 62 | 5807.00 | Labels, badges and similar articles of textile materials | 15 | |
| 63 | 5810.00 | Embroidery in the pieces strips or motifs | 15 | |
| 64 | 5811.00 | Quilted textile products in the piece, composed of one or more layer of textile materials | 15 | |
| 65 | 6301.00 | Blankets and traveling rags | 25 | |
| 66 | 6302.00 | Bed linen, table linen toilet linen and kitchen linen | 15 | |
| 67 | 6802.23 | Granite tiles | 40 | |
| 68 | 6802.93 | Granite tiles-other | 40 | |
| 69 | 7101.00 | Fresh water pearls | 5 | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | 10 | | | |

| | | | | |
|---|---|---|---|---|
| 91 | 9105.29 | Wall Clock-other | 10 | |
| 92 | 9403.70 | Furniture of plastics | 40 | |
| 93 | 9615.00 | Combs, hair slides, hair pins, curling pins, curling grips, hair curlers | 15 | |
| 94 | 9618.00 | Tailors dummies and other relay figures used for displays and window dressing | 15 | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## भूलसुधार

खण्ड ५२, संख्या ४२ नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयको सूचनामा "खण्ड ५२) काठमाण्डौ, माघ २० गते २०५९ साल" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 399

| | | | | |
|---|---|---|---|---|
| | 10 | | | |
| | 10 | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
प्रमोद कुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| 70 | 7319.00 | Sewing needles, knitting needles, bodkins, crochet hooks, embroidery stilettos an dissimilar articles for use in the hand | 5 to 15 | |
| 71 | 7321.00 | Stoves, ranges, grates, cookers (including those with susidiary boilers for central heating), barbecues, braziers, gas rings, plate warmers and similar non electric domestic appliances, and parts thereof, of iron or steel. | 10 to 15 | |
| 72 | 7322.00 | Radiators for central heating, not electrically heated, and parts thereof, of iron or steel. Air heaters and hot air distributors (including distributors which can also distribute fresh or conditioned air), not electrically heated, incorporating a motor driven fan or blower, and parts therof, of iron and steel. | 15 | |
| 73 | 7323.00 | Table, Kitchen or other household articles | 15 | |
| 74 | 7324.00 | Sanitory ware and parts thereof, of iron or steel. | 15 | |
| 75 | 8210.00 | Hand operated mechanical appliances weighing 10 kg or less | 10 | |
| 76 | 8211.00 | Knives eith cutting blades | 10 | |
| 77 | 8212.00 | Razors and razor blades | 15 | |
| 78 | 8213.00 | Scissors, tailors, shears and similar shears and blades therefore. | 15 | |
| 79 | 8215.00 | Spoons, forks, ladles, skimmers, cake servers, fish knives, butcher knives sugar tongs and similar kitchen or tableware. | 15 | |
| 80 | 8301.00 | Pad locks and locks of base metal, clasps and frames with clasps incorporating locks of base metals | 15 | |
| 81 | 8501.51 | Electric motors of an output not exceeding 750w | 15 | |
| 82 | 8518.00 | Microphones and stands, headphones, earphones and audio frequency electric amplifiers | 15 | |
| 83 | 8701.00 | Tractors | 10 to 15 | |
| 84 | 8704.22.90 | Transport vehicle | 25 | |
| 85 | 8708.00 | Parts and accessories of motor vehicles | 15 | |
| 86 | 8716.00 | Trailers and semi trailers | 5 to 15 | |
| 87 | 8902.00 | Fishing vessels, factory ships and other vessels | 15 | |
| 88 | 8903.00 | Yachts and other vessels for pleasure of sport, rowing boat and canoes | 15 | |
| 89 | 8904.00 | Tugs and pusher craft | 15 | |
| 90 | 9105.21 | Wall Clock-electrically operated | 10 | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | 15 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 + 5 | | | |
| | 10 + 5 | | | |
| | 10 + 5 | | | |
| | 10 + 5 | | | |
| | 10 + 5 | | | |
| | 10 + 5 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |
| | 10 | | | |

| | | | | |
|---|---|---|---|---|
| 16 | 2504.00 | Natural graphite | 10 | |
| 17 | 2505.00 | Natural sands of all kinds whether or not colored | 10 | |
| 18 | 2518.00 | Dolomite whether or not calcined, dolomite roughly trimmed or merely cut | 10 | |
| 19 | 2519.00 | Natural magnesium carbonate, fused magnesia, dish burnt magnesia | 10 | |
| 20 | 2520.10 | Gypsum anhydride plasters | 10 | |
| 21 | 2520.20 | Plaster of Paris | 10 | |
| 22 | 2521.00 | Lime stone flux, lime stone and other calcareous stone | 10 | |
| 23 | 2522.00 | Quick line, slacked line and hydraulic line | 10 | |
| 24 | 2523.10 | Cement clinkers | Rs. 1000/ Per MT | |
| 25 | 2523.29 | Cement | Rs 1750/ Per MT | |
| 26 | 3002.90 | Human blood, animal blood prepared for therapeutic prophylactic or diagnostic use | 10 | |
| 27 | 3006.00 | Pharmaceutical goods | 15 | |
| 28 | 3102.10 | Fertilizers minerals or chemical | 25 | |
| 29 | 3302.00 | Mixtures of odoriferous substance and mixturs | 15 | |
| 30 | 3924.10.90 | Melamine table ware, kitchen ware and other household articles only | 40 | |
| 31 | 4011.10 | New pneumatic tyres or rubber of a kind used on motor car (including station wagon and racing cars) | 25 | |
| 32 | 4011.30 | New pneumatic tyres or rubber of a kind used on air crafts | 25 | |
| 33 | 4011.40 | New pneumatic tyres or rubber of a kind used in motor cycles | 25 | |
| 34 | 4011.50 | New pneumatic tyres or rubber of a kind used in motor cycles | 10 | |
| 35 | 4410.21.00 | Particle board and similar board of wood or other ligneous materials --Unworked or not further worked than sanded | 15 | |
| 36 | 4410.29.00 | --Other | 15 | |
| 37 | 4410.31.00 | --Unworked or not further worked than sanded | 15 | |
| 38 | 4410.32.00 | -- Surface-covered with melamine-impregnated paper | 15 | |
| 39 | 4410.33.00 | --Surface-covered with decorative laminates of plastics | 15 | |
| 40 | 4410.39.00 | -- Other | 15 | |

न्तर्गत व्यापार उदारीकरण सम्बन्धी अन्तर सरकारी समूहको चौथो चक्रको अन्तिम
भन्सार महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## G ARRANGEMENT (SAPTA)

## DE NEGOTIATIONS

**Committee on Economic Cooperation)**

## edule of Concessions

## NEPAL

## REEMENT

| cession under SAPTA ge of Tariff) | | Any special NTBs with particular reference to QRs | Concessions to SAARC Countries vis-a-vis such NTBs/QRs | REMARKS |
|---|---|---|---|---|
| tries | For LDCs | | | |
| | 6 | 7 | 8 | 9 |
| | 10 | | | |
| | 10+5 | | | |
| | 10+5 | | | |
| | 10 | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | 10+5 | | | |
| | | | | |
| | | | | |
| | 10 | | | |
| | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १७ | २७३ | नेपाल टोमो इन्टरप्राइजेज | कंचनवारी -८, मोरङ्ग |
| १८ | २९ | श्री क्लियरिङ एजेन्सी | का.म.न.पा. ९, बत्तीसपुतली |
| १९ | ४५६ | केदार ट्रेड कन्सर्न | कसुदा गा.वि.स. ६, कञ्चनपुर |
| २० | ३६९ | कैलाश खाद्यान्न ट्रेडर्स | ल.पु.उ.म.न.पा. २, सानेपा |
| २१ | १७९ | कुमार एण्ड रुद्र इन्टरप्राइजेज | काठमाडौं -२, लाजिम्पाट |

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि निर्वाचन आयोगलाई जर्मन सरकारको बस्तुगत सहयोग अन्तर्गत उपलब्ध भएको अमेरिकी डलर ७६,७२०.०० मूल्य बराबरको Ballet paper Counting and Numbering Machine आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।